# जातीय विभेदविरुद्धको अधिकार

## विषयगत पुस्तिका




राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# जातीय विभेदविरुद्धको अधिकार

विषयगत पुस्तिका

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | गीताकुमारी दाहाल |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | पहिलो |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ८६ - १३६ - २०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल । |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ । यसबाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनर्उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन ।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखिनै विभिन्न तवरले कार्य गर्दै आएको छ । मानवअधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्य-योजनाहरूमा समेत परिमार्जन एवम् परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको छ। यसबाट यस क्षेत्रमा आयोगले गरेका काम कारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ। सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा अझ परिस्कृत गर्दै लैजान सकिने छ।

यस पुस्तिकामा नेपालमा जातीय विभेदविरुद्धको अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस सम्बन्धमा आयोगले निर्वाह गरेको भूमिका एवम् गतिविधिहरूलाई उजागर गर्ने प्रयत्न गरिएको छ। यसमा आयोगबाट गरिएका अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरू, हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका प्रकाशनहरूएवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्य लगायतका पक्षहरूलाई समावेश गरिएको छ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानवअधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलव्ध गराई सहयोग गर्नुहुने मानवअधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन् । आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषय-सूची

**पेज नं.**


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | नेपालमा जातीय विभेदविरुद्ध अधिकारको अवस्था | ३ |
| ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता | ४ |
| ४. | आयोगको भूमिका | ८ |
| ५. | आयोगका गतिविधिहरू | ९ |
| | ५.१. उजुरी ग्रहण | १० |
| | ५.२ अनुगमन तथा अनुसन्धान | १० |
| | ५.३. सम्वर्द्धनात्मक गतिविधिहरू | ११ |
| | ५.४ विधिविषय परामर्श | १३ |
| | ५.५. उजुरीहरूको अवस्था र सिफारिसहरू | १४ |
| | ५.६. आयोगले प्रदान गर्ने सेवाहरू | १४ |
| | ५.७. आयोगका प्रकाशनहरू | १५ |
| ६. | समन्वय र सहकार्य | १७ |
| ७. | आयोगका कार्यालयहरू | १९ |

# जातीय विभेदविरुद्धको अधिकार

## १. परिचय

### १.१. पृष्ठभूमि

नेपाल बहुभाषी, बहुजातीय, बहुभाषिक, बहुधार्मिक समुदायका देशको रूपमा परिचित रहेको छ। नेपालका सबै नागरिकहरूलाई समानता, स्वतन्त्रता र आत्मसम्मान जस्ता मानव अधिकारका मूलभूत विषयहरू नेपालको अन्तरिम संविधान, २०६३, राष्ट्रिय कानुनहरू तथा नेपालपक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका छन्। यद्यपि परम्परागतरूपमा सामाजिक अन्ध विश्वास एवम् कुरीतिको रूपमा रहेका कुसंस्कारहरूले गर्दा व्यक्तिलाई जातका आधारमा वर्गीकरण गरी विभेद, शोषण र उत्पीडनको सिकार बनाइने क्रम निरन्तर छ। यसबाट मानवीय स्वतन्त्रता, समानता र आत्मसम्मान जस्ता मानव अधिकारका आधारभूत सिद्धान्त र मान्यताहरूको उपहास हुनुका साथै २१ औँ शताब्दीमा जातीय विभेदका आधारमा राज्यपक्ष वा गैरराज्यपक्षबाट दलित भनिएका समुदायमाथि छुवाछुत गर्ने, अन्तरजातीय विवाहलाई निरुत्साहित गर्ने, राज्यको श्रोत, साधन, सेवा र सुविधाको पहुँचबाट वञ्चितीकरण गरिनु विडम्बनाको विषय हो। यसका वावजुद नेपालले जातीय विभेदविरुद्धको महासन्धि, १९६५ अनुमोदन गरिसकेको छ। दलितहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि ऐन, कानुन तथा संयन्त्र निर्माण गर्ने सकारात्मक पहलहरू भएबाट जातीय विभेद निर्मूलीकरण गर्ने दिशामा क्रमिक रूपमा सुधार हुँदै जाने अपेक्षा गर्न सकिन्छ।

राष्ट्रिय मानव अधिकार आयोग २०५७ जेठ १३ गते स्थापना भए पश्चात् जातीय विभेदविरुद्धको अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि आयोगले भूमिका निर्वाह गर्दै आएको छ। यससम्बन्धमा सरकार, नागरिक समाज, मानव अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू, सरोकारवाला एवम्, निकायहरूलाई जानकारी दिने तथा सु-सूचित गर्ने मुख्य उद्देश्यले जातीय

भेदभावविरुद्धको अधिकारसम्बन्धी विषयगत परिचयात्मक पुस्तिका प्रकाशन गरिएको हो। प्रस्तुत पुस्तिकामा आयोगले जातीय विभेदविरुद्धको विभेदको स्थिति, यस अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूलाई समावेश गरिएको छ। यस अलावा आयोग स्थापनादेखि हालसम्म यस विषयमा परेका उजुरी र उजुरीहरू उपर आयोगले गरेका कामकारबाही एवम् गतिविधिहरू, नागरिक समाज लगायत सरोकारवाला निकायहरूसँगको सहकार्य लगायतका विषयहरूलाई सम्बोधन गरिएको छ। प्रस्तुत पुस्तिकाले मानव अधिकारका क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानव अधिकारकर्मीहरू लगायत अध्ययन अनुसन्धानमा रुची राख्ने सबैलाई सहयोग पुग्ने विश्वास गरिएको छ।

## १.२. जातीय विभेदविरुद्धको अधिकार विषयक इकाइ

आयोगले स्थापनाकालदेखि नै जातीय विभेदविरुद्धको अधिकार संरक्षण र सम्वर्द्धनको लागि विभिन्न कार्यहरू गर्दै आएकोमा आयोगबाट तर्जुमा गरिएको रणनीतिक कार्य-योजना (२०६४-६५/२०६७-६८) अनुरूप आयोगको साङ्गठानिक पुनर्संरचना गर्ने क्रममा मानव अधिकारसम्बन्धी नौ मूल महासन्धिहरूलाई केन्द्रित गर्दै पहिलेका इकाइहरूलाई पुनर्गठन गर्ने र नयाँ इकाइहरू स्थापना गर्ने कार्य सम्पन्न गरिएको छ। सोहीबमोजिम जातीय विभेदविरुद्धको अधिकार संरक्षण, सम्वर्द्धनसम्बन्धी कार्य गर्ने उद्देश्यले जातीय विभेदविरुद्धको अधिकार विषयक इकाइको स्थापना गरिएको हो।

राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको संरचनाअनुरूप हुने गरी संरक्षण महाशाखा अन्तर्गत जातीय विभेदसम्बन्धी अधिकार, महिला अधिकार, यातनाविरुद्धको अधिकार, बाँच्न पाउने अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार संरक्षणार्थ नागरिक तथा राजनीतिक अधिकार इकाइको स्थापना भएको हो। २०६७ सालमा आएर संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी प्रमुख नौ महासन्धिहरूलाई आधार मानी आयोगको संरक्षण र सम्वर्द्धन महाशाखामा छुट्टाछुट्टै इकाइहरू स्थापना भई कार्य भइरहेको छ।

यस इकाइ स्थापनाको प्रमुख उद्देश्य जातीय विभेदविरुद्धको अधिकार विषयक अनुबन्ध र यससम्बन्धी अन्य दस्तावेजहरूले प्रत्याभूत गरेका मानवअधिकारहरूको

परिपालना, सम्मान, संरक्षण र सम्वर्द्धन गर्नु हो । यस इकाइले आयोगका रणनीतिक योजनाहरूले निर्धारण गरेका जातीय विभेदविरुद्धको अधिकार सम्बन्धमा राखेको लक्ष्य प्राप्ति गर्ने उद्देश्यबाट कार्य गर्दछ । मानव अधिकार आयोग ऐनले मानव अधिकार संरक्षण, सम्मान र परीपालनाका निम्ति गहन जिम्मेवारी प्रदान गरेको छ । नेपाल जातीय विभेदविरुद्धको अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को पक्षराष्ट्र भएको उक्त अभिसन्धिमा भएका व्यवस्थाअनुसार जातीय विभेदविरुद्धको अधिकार कार्यान्वयन गर्ने गराउने दायित्व नेपाल सरकारको हुने हुँदा कार्यान्वयन संयन्त्रमध्ये आयोग प्रमुख संयन्त्रको रूपमा रहेको छ ।

## २. नेपालमा जातीय विभेदविरुद्धको अधिकारको अवस्था

जातीय व्यवस्था लिच्छवीकालको सुरुदेखि नै नेपालमा प्रवेश गरेको तथ्य राजा नरदेव (इ.सं.६४५-८७९) को अनन्त लिङ्गेश्वर अभिलेखले पुष्टी गरेको पाइन्छ । मल्लकालमा आएर उक्त जातीय व्यवस्था अझ जटिल बन्न गएको देखिन्छ । लिच्छवीकालमा भएको चारवर्ण १८ जात जयस्थिति मल्लको पालामा आएर चार वर्ण ३६ जातमा विभाजित गरिनुका साथै कथित तल्ला जातमा पारिएकाहरूलाई विभिन्न नागरिक अधिकारबाट वञ्चित गरिएको देखिन्छ ।

वर्तमान समयमा जातीय छुवाछुतको सम्पूर्ण स्वरूपलाई संवैधानिक तथा कानुनीरूपमा नै अपराध घोषणा गरी दण्डनीय हुने व्यवस्था गरिनुका साथै वि.सं.२०६३ सालमा नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्रको रूपमा घोषणा गरियो । तथापी धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, गलत रीतिरिवाज, रुढीवादी संस्कार, अशिक्षा, चेतना र जागरणको कमी एवम् कानुनी ज्ञानको अभावजस्ता विभिन्न कारणहरूले गर्दा जातीय विभेद तथा छुवाछुतका घट्नाहरू रोकिएनन् । राष्ट्रिय मानव अधिकार आयोगमा दर्ता हुन आएका उजुरी तथा सञ्चारमाध्यममा प्रकाशित समाचारका आधारमा नेपाली समाजमा जातीय विभेद कायमै रहेको पाइन्छ । त्यसैगरी समाजमा गैरदलित वर्गले दलित वर्गलाई भेदभाव गर्ने क्रम रोकिएको छैन । दलित तथा पिछडिएका वर्गलाई मन्दिर प्रवेशमा रोक लगाइएको, सहभोज कार्यक्रममा छोइछिटो गरेको निहुँमा अप्रिय घटना हुने गरेको, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुतजन्य भेदभाव रहेको, जबरजस्ती श्रमशोषण, ज्यादति, नाकाबन्दी, अपहेलना, सिनो नफालेको कारण किराना पसल तथा धान कुट्ने मिलमा जान प्रतिबन्ध, अन्तरजातीय विवाह गर्दा समाजबाट बहिस्कार, सार्वजनिक धारा तथा कुवाको

पानी उपभोगमा प्रतिबन्ध, कुटपीट, यातना एवम् परिवारका सदस्यले ज्यान गुमाउनुपर्ने जस्ता जातीय छुवाछुतसम्बन्धी भेदभाव विद्यमान रहेको पाइन्छ ।

वर्तमान समयमा राजनीतिक दलहरू, नीति निर्माता र कानुन कार्यान्वयन कर्ताहरू विभिन्न जातजाति, लिङ्ग, वर्ग, उमेर र क्षेत्रका समुदायहरूबीच रहेको विभेद हटाउन प्रतिबद्ध रहेको पाइन्छ । महिला, दलित, जनजाति, मधेसी, मुश्लिम समुदायमा आफ्नो हक र अधिकारका बारेमा चेतना अभिवृद्धि गर्न प्रतिनिधिमूलक संस्थाहरूको स्थापना भएको पाइन्छ ।

न्यायिक निकायहरूमा समेत जातीय भेदभावसम्बन्धी केही मुद्दाहरूमा सकारात्मक फैसला गर्दै आएको छ । उदाहरणको लागि जिल्ला अदालतल बैतडीले वि.सं.२०६६ फागुन २५ गते एक विवाह समारोहमा *“उच्चजातका समुदायले मात्र गर्ने संस्कार”* भनी भेदभाव गरेको सम्बन्धमा अभियुक्तलाई एक वर्षको कारावास र जरिवाना गर्ने फैसला सुनाएको थियो । त्यसैगरी सन् २००७ अक्टुबरमा दसैं र तिहार चाडका बेला बैतडी जिल्लाको उदयदेव मन्दिरमा विभेदकारी संस्कार मान्न अस्वीकार गरेकोमा १२ जना दलितहरूमाथि शारीरिक रूपमा आक्रमण गरिनुका साथै तिनका केही सरसामानहरू लुटिएको मुद्दामा मुख्य पीडकलाई दुई वर्ष कैद र जरिवानाको फैसलालाई कञ्चनपुर पुनरावेदन अदालतले २०६६ भदौ ७मा सदर गरेको थियो ।

# ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता

## ३.१. राष्ट्रिय कानुन

वि.स. १९१० सालमा सुरेन्द्र विक्रम शाहको पालामा जंग वहादुर राणाको सक्रियतामा आएको नयाँ मुलुकी ऐनले दलित समुदाय माथि लादिएको जातीय विभेद र छुवाछुतलाई वैधानिकता प्रदान गरेको इतिहास पाइन्छ । दलितका नाममा हुने जातीय विभेद, छुवाछुत लगायतका शोषण, दमन र उत्पीडनविरुद्ध दलित समुदायको हक अधिकारको निम्ति उठेको मागको सम्बोधन गर्ने उद्देश्यले २०५८ साल चैत ६ गते राष्ट्रिय दलित आयोगको गठन भएको छ । त्यसै गरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ ले आफ्नो मातृभाषा र परम्परा रीतिरिवाज, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका जाति सम्झनुपर्दछ भनी आदिवासी जनजातिहरूलाई सूचीकृत गरेको छ ।

नेपालमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन) २०६८ ले जातीय छुवाछुतलाई दण्ड सजायको व्यवस्था गरेको छ। नेपाल सरकारले नेपाललाई २०६३ जेठ २१ गते छुवाछुत मुक्त राष्ट्र घोषणा गरिसकेको अवस्था भएपनि व्यवहारमा पूर्णरूपमा कार्यान्वयन हुन नसकेको र सरकारी संयन्त्र तथा संवन्धित निकायहरूबाट समेत प्रभावकारी अनुगमन हुन नसकेको अवस्था छ।

## नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ मा समानताको हकअर्न्तगत राज्यले नागरिकहरूबीच जातजातिको आधारमा भेदभाव नगरिने, दलित, जनजाति व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ। धारा १४ मा छुवाछु तथा जातीय भेदभावविरुद्धको हकमा कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय  भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडित व्यक्तिले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने प्रावधान छ। त्यस्तै कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने उल्लेख छ।  कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिका व्यक्तिलाई मात्र बिक्री वितरण नगरिने उल्लेख छ। त्यसैगरी कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उचनीच दर्शाउने जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिले प्रोत्साहन गर्न नपाइने र गरिएको खण्डमा यस्ता कार्य कानुनबमोजिम दण्डनीय हुने व्यवस्था गरेकोछ।

## जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८

नेपालमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८, संसद्द्वारा २०६८ जेष्ठ १० मा पारित भएको छ। जसमा प्रथा, परम्परा, धर्म

संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात जाति, वंश समुदाय वा पेशाका आधारमा छुवाछुत तथा भेदभाव नहुने उल्लेख छ। प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गरी यस्ता मानवता विरोधी भेदभावजन्य कार्य दण्डनीय हुने र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको छ।

### राष्ट्रिय संयन्त्रहरूको स्थापना

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि राष्ट्रिय रूपमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग लगायत राष्ट्रिय जनजाति प्रतिष्ठानजस्ता संयन्त्रहरूको स्थापना गरिएको छ।

### नीति तथा कार्यक्रम

जातीय विभेदको अन्त्य गर्न नेपाल सरकारबाट दलित र गैरदलितबीच अन्तरजातीय विवाह प्रोत्साहन अनुदान वितरण कार्यविधि २०६६ अनुसार २०६६ साउन १ पछि दलित र गैरदलितबीच अन्तरजातीय विवाह गर्ने नेपाली नागरिकलाई रु. एक लाख उपलब्ध गराउने व्यवस्था गरेको छ। दलित समुदाय शिक्षामा पछि परेको तथ्यलाई स्वीकार्दै सरकारले कक्षा १० सम्म निःशुल्क शिक्षा, उच्चमाध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यकम र रोजगारीको क्षेत्रमा आरक्षण नीति ल्याएको छ।

## ३.२. अन्तर्राष्ट्रिय प्रतिबद्धता

सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय अनुबन्ध १९६५ लाई नेपालले सन् १९७१ मा पक्षराष्ट्रको रूपमा अनुमोदन गरेको छ। यस महासन्धिमा जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सास्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको मान्यता, उपभोग वा व्यवहार निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पतिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनुपर्दछ भनी परिभाषा गरिएको छ। यस अभिसन्धिले मुख्य रूपमा समानता र अविभेदको सिद्धान्तलाई अङ्गीकार गरी जातीय विभेद उन्मूलन गर्ने सम्बन्धमा स्पष्टरूपमा उल्लेख गरेको छ।

## डर्वान घोषणापत्र २००१

जातीय भेदभावविरुद्धको महासन्धिका सम्बन्धमा सन २००१ मा दक्षिण अफ्रिकामा भएको विश्व सम्मेलनले फौजदारी न्यायप्रणालीको प्रशासनिक तथा कार्यप्रणालीमा हुने जातीय भेदभावका कारण जातिवाद, विदेशीप्रति घृणा यससँग सम्वन्धित असहिष्णुता, वंशका आधारमा भेदभावमा परेका, समाजबाट सीमान्तिकृत आदिवासी समूहमाथि प्रतिकूल प्रभाव पार्न सक्ने विषयमा छलफल गरेको थियो। यसैगरी उक्त सम्मेलनले महिला तथा बालबालिका, जात, लिङ्ग तथा उमेरका कारण भेदभावबाट पीडित हुन सक्ने भएकोले उनीहरूको अवस्थालाई विशेष  ध्यान दिँदै फौजदारी न्यायप्रणालीको प्रशासनिक तथा कार्य प्रणालीमा जातीय भेदभाव रोकथाम हुनुपर्ने तर्फ ध्यानाकर्षण गर्दै डर्वान घोषणा पत्र, २००१ र डर्वान कार्ययोजना जारी गरेको थियो। डर्वान घोषणापत्रको कार्यान्वयनको सम्बन्धमा समीक्षासमेत गरी यस सम्बन्धमा राज्यले लिनुपर्ने कानुनी, नीतिगत तथा प्रशासनीक उपायहरू अवलम्बन गरी जातीय भेदभावविरुद्धको अधिकार संरक्षण गर्ने सम्बन्धमा विभिन्न सिफारिसहरूसमेत भएको छन्। नेपालले डर्वान घोषणापत्रमा प्रतिवद्धता व्यक्त गरी सोहीअनुरूप केही सकारात्मक पहलहरूभएका छन्।

### विश्वव्यापी आवधिक समीक्षा (UPR)

संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा चार-चार वर्षमा हुने विभिन्न देशहरूको मानव अधिकारको अवस्थासम्बन्धी समीक्षा बैठकमा सन् २०११ मा यस आयोगले देहाएका विषयहरू सम्बन्धमा सिफारिस र सरोकार जनाएको थियो।

- लैङ्गिक तथा जातका आधारमा जोखिमपूर्ण अवस्थाम रहेका तथा सीमान्तकृत समूहहरूविरुद्ध हुने भेदभाव उन्मूलन गर्नका लागि सबै प्रकारका भेदभावहरूलाई अपराधका रूपमा परिभाषित गर्ने कानुन निर्माण लगायतका थप उपायहरू अवलम्वन गर्न सिफारिस गरेकोमा नेपाल सरकारले उक्त सिफारिसलाई ग्रहण गरी व्यवस्थापिका संसदद्वारा छुवाछुत (अपराध र दण्ड) विधेयक सन् २०१० मा पारित गरेको भनी जवाफ दिएको छ।
- जातीय भेदभाव, महिला आयोग, दलित आयोग, आदिवासी लगायत वर्गका लागि सम्वन्धित ऐन कानुन तथा नीति नियमको पुनरावोलकन गर्न सिफारिस भएकोमा नेपाल सरकारले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरू प्रति प्रतिवद्धता व्यक्त गरेको छ।

- ग्रामीण जनसमुदाय, दलित तथा जातीय अल्पसंख्यकहरूलाई विशेष लक्षित गर्दै रोजगारी र आय आर्जनका कार्यक्रम तर्जुमा गर्न सिफारिस गरेकोमा नेपाल सरकारले उक्तसिफारिसलाई स्वीकार गरेको छ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ। संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानवअधिकार आयोगको काम कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख भएको छ। जातीय विभेदविरुद्धको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई अभिसन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, जातीय भेदभावविरुद्धको अधिकारसम्बन्धी अभिसन्धिमा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो। यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलब्ध गराउँदै आएको छ। आयोगलाई संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारलाई देहायबमोजिम सङ्क्षेपमा उल्लेख गरिएको छः

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने।

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनुअघि रायको लागि आयोगसमक्ष लेखी पठाउने।

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकता अनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने।

४. मानव अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।

५. मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने ।

७. अन्तर्राष्ट्रिय कानुनबमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराइ पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिएबमोजिम मेलमिलाप गराइदिन सक्ने ।

यसप्रकार आयोगको संविधान तथा ऐन-प्रदत्त कामकर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानव अधिकार संरक्षणात्मक कार्य, मानव अधिकार सम्वर्द्धनात्मक कार्य एवम् मानव अधिकारको वकालत गर्न लगायतका ३ वटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

## ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ र मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम आयोगले मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । पेरिस सिद्धान्तअनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू(National Huan Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Committee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ । आयोगले आफ्ना गतिविधिहरूलाई निम्नानुसार केन्द्रित गरेको छः

## ५.१. उजुरी ग्रहण

आयोगले मानव अधिकार उल्लंघन भएका घटनाको उजुरी निम्नमाध्यमहरूबाट ग्रहण गर्दछ:

- लिखित वा मौखिक निवेदनबाट,
- टेलिफोन वा फ्याक्सबाट,
- हुलाक, डाक, टेलीग्राम, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य सञ्चारमाध्यमबाट र
- स्वविवेकीय अधिकार प्रयोग गरी आफैँउजुरी ग्रहण गरी ।

यस्ता उजुरीहरूमा सामान्यतया उजुरी गर्ने र पीडित व्यक्तिहरूको सकेसम्म बिस्तृत विवरणहरू उल्लेख भएको हुनुपर्दछ । उजुरीको विषय, उल्लङ्घन भएको मानव अधिकार, घटनाको विवरण, मागदाबी पुष्टि हुने प्रमाणहरू, माग गरेको उपचार, अन्य सङ्घसंस्थामा उजुर गरेको भए सो समेत खुलाउनुपर्दछ । यसरी प्राप्त भएको उजुरीहरूको अनुसन्धानपश्चात् निर्णय गरी निर्णय कार्यान्वयनका लागि आयोगले नेपाल सरकारसमक्ष सिफारिस गर्दछ ।

## ५.२ अनुगमन तथा अनुसन्धान

मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूको प्रमुख कार्यहरू मध्ये अनुसन्धान प्रमुख कार्य हो । नेपालको अन्तरिम संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार आयोगले जातीय भेदभावविरुद्ध मानव अधिकार उल्लङ्घन भएको भनी आयोगमा दर्ता हुन आएको उजुरीको अनुसन्धान गरी आयोगसमक्ष प्रतिवेदन पेश गर्दछ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को परिच्छेद ३ मा भेदभावपूर्ण व्यवहार गरेकोमा क्षतिपूर्ति निर्धारण गर्ने आधारहरू उल्लेख गरेको छ । आयोगले सम्बन्धित मानव अधिकार उल्लङ्घन भएको व्यक्तिलाई क्षतिपूर्ति उपलव्ध गराउन र मानव अधिकार उल्लङ्घन कर्तालाई कानुन बमोजिम कारबाही गर्न सिफारिस गर्दछ ।

जातीय विभेदसम्बन्धी उजुरीहरूलाई प्राथमीकता दिई सरकार, प्रशासनिक निकाय, राजनैतिक दल, दलित आयोग, मानव अधिकार तथा सरोकारवाला सङ्घसस्थाहरूसँग अन्तर्क्रिया छलफलको माध्यमबाट जातीय विभेदको न्युनीकरणको लागि कार्य गर्दै आएको छ भने आयोगमा परेका उजुरीहरूको प्रकृति तथा गम्भीरतालाई ध्यानमा राखेर आवश्यकता अनुसार अनुगमन तथा अनुसन्धान गर्ने गरेको छ ।




बारा जिल्लामा यज्ञ प्रवेशमा रोक लगाइएको सम्बन्धमा, डोटी जिल्लामा सैलेश्वरी मन्दिरमा दलितहरूको मन्दिर प्रवेश गर्ने सम्बन्धमा, जुम्लाको चन्दननाथ प्रवेशको घटना, दाङको प्रसाद खान नदिएको घटना सम्बन्धमा आयोगले अनुगमन अनुसन्धान गरेको थियो । आयोगबाट जातीय विभेदविरुद्धको अधिकार सम्बन्धमा नुवाकोट, दैलेख, कालिकोट, डोटी, दाङ, सल्यान, कपिलवस्तु, नवलपारासी, जुम्ला, वारा, सिराहा लगायतका  जिल्लामा अनुगमन गरेको छ ।

सिराहा जिल्लामा दलितहरूको सम्बन्धमा एक अध्ययन, अनुगमन तथा अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यस्तै दैलेखका सेते दमाई, कालीकोटका मनविर सुनारको घटनाको सम्बन्धमा पनि आयोगले अनुसन्धान पुरागरी आवश्यक कारबाहीको लागि प्रक्रियामा रहेको छ । त्यसैगरी आयोगले आदिवासी जनजातिको पहिचान र अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि भएका थरुहट आन्दोलन, मधेश आन्दोलन, लिम्वुवान आन्दोलन, खुम्वुवान आन्दोलन, तमुवान आन्दोलन आदिको बन्द, हड्ताल, प्रदर्शनको अनुगमन गरिप्राप्त तथ्यको आधारमा नेपाल सरकारलाई सुझाव समेत दिएको छ ।

### ५.३.सम्वर्द्धनात्मक गतिविधिहरू

जातीय विभेदविरुद्धको सम्बन्धमा सन १९६० को मार्च २१ मा दक्षिण अफ्रीकाको सार्पभिल भन्ने शहरमा रंगभेदको विरुद्धमा शान्तिपुर्वक विरोध प्रर्दशनमा उत्रिएका तहाँका मानिसहरूमाथि सुरक्षाकर्मीहरूले गोली प्रहार गरी दमन

गर्दा ६९ जना मानिसहरूको ज्यान गएको तथा सयौ मानिसहरू घाइते भएको दुखद घटनाको सम्झना स्वरूप मार्च २१ लाई अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसको रूपमा संयुक्त राष्ट्र सङ्घले घोषण गरी सो दिनलाई विश्वभरी मनाईदै आएकोमा राष्ट्रिय मानव अधिकार आयोगले पनि उक्त दिवस मनाउँदै आएकोछ ।

जातीय विभेद उन्मूलनका उद्देश्यले “आत्मसम्मान, समानता र न्यायका लागि लडौं” भन्ने नारा लिएर संयुक्त राष्ट्रसङ्घको आह्वानमा २००१ को ७ सेप्टेम्बर देखि ३१ अक्टुबरसम्म दक्षिण अप्रिकाको डर्वानमा आयोजना भएको World Conference Against Racial Discriination, Intolerance, Xenophoia and Reated cause विषयक सम्मेलनको तयारीको सिलसिलामा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकारको उच्चायुक्तको कार्यालयबाट जातिभेद विरुद्ध जनचेतना अभिवृद्धि गर्नको लागि सम्वर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्न आयोगद्वारा सञ्चालित Integration of Dalits Rights Prootion परियोजनाले निम्नानुसार सम्वर्द्धनात्मक गतिविधि सञ्चालन गरेको थियो :

- दलितहरूको चुनौतीहरू र मानव अधिकारको दृष्टिकोणबाट समाधानका उपायहरू विषयमा एक कार्यशालाहरूको आयोजना गरिएको थियो ।[1]
- सन् २००१ र २००२ मा दलितहरूबाट निर्माण गरिएको हस्तकलाहरूको प्रदर्शनी कार्यक्रमको लागि आयोग र दलित गैरसरकारी संस्था महासङ्घले सहकार्य गरेको थियो । सुर्खेत, डोटी, सिराहा, बाग्लुङ, काठ्माडौँ लगायतका स्थानहरूमा प्रदर्शनी आयोजना गरिएको थियो ।
- दलित र गैरदलितबीचको सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले मन्दिर प्रवेश कार्यक्रम बाग्लुङ लगायतका जिल्लाहरूमा सम्पन्न गरिएको थियो ।
- छुवाछुतको अन्त्यको लागि सहभोज कार्यक्रमको आयोजना सुर्खेत, डोटी, सिरहा, बाग्लुङ र काठमाण्डौंमा सम्पन्न गरिएको थियो ।
- जातीय विभेदविरुद्ध अभियान चलाउने र नागरिक शसत्तिकरण गर्ने उद्देश्यले सडक नाटक र चित्रकला प्रतियोगिता लगायत विभिन्न खालका सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिएको थियो ।

[1] सुर्खेतमा अगष्ट १२ देखि १३ सन २००१, डोटीमा अगष्ट १६ देखि १७ सन २००१, बाग्लुङमा अक्टोबर १४ देखि १५ सन २००१, सिराहामा नोभेम्बर ५ देखि ६सम्म सन् २००१ सम्म र काठमाडौँमा जनवरी २७ देखि २८ सम्म सन् २००२, उक्त कार्यक्रममा पाँचै विकास क्षेत्रबाट १२०० जना सहभागी भएका थिए ।

- छुवाछुतविरुद्धको दलितहरूको अधिकार र जातीय भेदभावको अन्त्यको लागि पोष्टर, डकुमेन्ट्री, होर्डिङ्गबोर्ड, ब्रोसियर्स लगायतका प्रकाशनहरू प्रकाशित तथा वितरण गरिएको थियो ।
- दलित अधिकार प्रवर्द्धनका सम्बन्धमा ज्ञान र सूचनामूलक विषयबस्तुहरूको प्रचारप्रसार गरी समाजमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोगले पाँच महिने लामो रेडियोअभियान सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), दलित गैरसकारी संस्था महासङ्घ र दलित सेवा सङ्घ लगायतका संस्थाहरूसँग समन्वय गरिएको थियो ।
- उक्त परियोजना अन्तर्गत दास्रोचरणमा चमार जातीको आर्थिक सामाजिक तथा सांस्कृतिक अवस्थाको बारेमा अनुसन्धान गरि प्राप्त तथ्यहरूको आधारमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने उद्देश्यले सरोकारवालाहरू बीच कार्यशालाको आयोजना गरिएको थियो । दलितहरूबाट सिर्जित जातीय कला र सीपको प्रदर्शनी, सडक नाटक, भित्ते नाराजस्ता सचेतनामूलक कार्यक्रम पाँच वटै विकास क्षेत्रमा सञ्चालन गरिएको थियो ।
- आयोगले ८० भन्दा बढी सङ्घसंस्थाहरूसँगको समन्वयमा जातीय विभेदविरुद्धको अन्तराष्ट्रिय दिवस मनाउदै आएको छ । त्यसैगरी दलितहरूको स्थिति र चुनौती तथा तिनका समाधानका उपायहरूका सम्बन्धमा अन्तर्क्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।
- आयोगले कर्मचारी भर्ना प्रक्रियामा सबै जातजाति, वर्ग, लिङ्गको सहभागिता होस भन्ने उद्देश्यले समावेशीकरण पद्दति अवलम्बन गर्दै आएको छ । यसैक्रममा २०६८ सालमा आदिवासी जनजातिसँग सम्बन्धित २४ जनालाई आयोगबाट आधारभूत मानव अधिकारसम्बन्धी तीनदिने तालिम प्रदान गरिएको थियो । यसका अतिरिक्त आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका प्रतिनिधिसमेतको उपस्थितिमा सामूहिक अधिकारको संरक्षण र सम्वर्द्धनमा छलफल गरिएको थियो ।

## ५.४. विधिविषय परामर्श

- सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६५ को अध्ययन गरी नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव दिँदै आएको छ ।

- उक्त सन्धिमा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने आवधिक प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक रायसुझाव दिने, प्रचलित कानुनी व्यवस्थाको अध्ययन गरी पुनरावलोकनको लागि नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ ।

## ५.५. उजुरीहरूको अवस्था र सिफारिसहरू

आयोगमा २०६८ चैत मसान्तसम्म जातीय भेदभाव सम्बन्धी ३९ वटा उजुरीहरू अनुसन्धानको क्रममा रहेका छन् ।

### ५.५.१ उजुरीहरूको अवस्था

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी | १ | १० | ४ | ४ | १ | ५ | ० | ५ | ९ | ३९ |

जातीय विभेदविरुद्धका उजुरीहरूको तथ्याङ्क हेर्दा समाजमा घटिरहेका घटनाहरूको अनुपातमा आयोगमा दर्ता भएका उजुरीको सङ्ख्या न्यून अवस्थामा रहेको छ । समाजमा दैनिकजसो घटिरहने जातीय भेदभावका घटनाहरू न्यूनीकरण गर्न जनचेतना र सहअस्तित्वको भावना जगाउन आवश्यक रहेको छ ।

### ५.५.२ सिफारिसहरूको अवस्था

जातीय भेदभाव उल्लङ्घन सम्बन्धित उजुरीका सम्बन्धमा आयोगबाट निर्णय भई सिफारिस भएको नदेखिए स्वविवेकीय रुपमा आयोगले डोटी घटनामा दलितमाथि दुर्व्यवहार, भेदभाव एवम् तोडफोड, कपिलवस्तुमा भएको हत्या-जातीय दंगा तथा दाङमा भएको आगजनी, तोडफोड, लुटपाट र मुस्लिम समुदायको विस्थापन लगायतका घटनाहरूमा आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाई आवश्यक कारबाहीको लागि सिफारिस गरेको छ । यसका साथै नेपाल पिछडा वर्ग महासङ्घको उजुरीउपर कारबाही र सो समुदायको उत्थान एवम् विकासका लागि विशेष अध्ययन गरी आवश्यक सुझाव पेश गर्न समिति तथा अध्ययन टोली गठन गर्न नेपाल सरकारलाई सुझाव दिएको थियो ।

## ५.६. आयोगले प्रदान गर्ने सेवाहरू

जातीय भेदभावविरुद्ध मानव अधिकार विषयमा यस आयोगले देहायमा उल्लेख गरे बमोजिमका सेवाहरू उपलब्ध गराउँदै आएकोछः

- जातीय भेदभावविरुद्ध मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका उजुरीहरू ग्रहण गर्ने,
- स्वविवेकीय आधारमा पनि उजुरी लिने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने, पत्राचार तथा सोधपुछ गर्ने,
- जातीय भेदभावविरुद्ध मानव अधिकारको अवस्थाको अनुगमन गर्ने,
- उजुरीको छानवीन, तथ्य सङ्कलन, अनुसन्धान गर्ने,
- उजुरीउपर अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सिफारिस गर्ने,
- क्षमता अभिवृद्धि तथा सचेतनामूलक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग जातीय भेदभावविरुद्ध मानव अधिकार रक्षाका लागि समन्वय र सहकार्य गर्ने,
- अनुगमन, अध्ययन, अनुसन्धान तथा सम्वर्द्धनात्मक गतिविधिहरू सम्बन्धमा प्रकाशन गरी वितरण गर्ने,
- तालिम, अन्तरक्रिया, गोष्ठी एवम् संवादका कार्यक्रमहरू गर्ने,
- जातीय भेदभावविरुद्ध मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनहरूबारे जानकारी गराउने र
- राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरूबारे राय तथा सुझाव दिने ।

## ५.७. आयोगका प्रकाशन

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशन भएका जातीय भेदभावविरुद्ध मानवअधिकार लगायत विविध विषयहरूसँग सम्वन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन्:

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी जानकारीमूलक पुस्तिका (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २ | दलितको अधिकारसम्बन्धी जानकारीमूलक पुस्तिका | २०६० |
| ३ | राष्ट्रिय मानव अधिकार आयोग एक चिनारी | २०६२ |
| ४ | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी) | २०६८ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ५ | सङ्कटकाल र मानव अधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| ६ | नेपालमा मानव अधिकारको स्थितिः एक प्रतिवेदन, २०६० | २०६१ |
| ७ | नेपालमा मानव अधिकारको स्थितिः एक सारांश प्रतिवेदन, २०६० | २०६१ |
| ८ | Human Rights in Nepal : A Status Report 2003 | २०६१ |
| ९ | Annual Progress Report, January-December 2003 | २०६१ |
| १० | छ महिने युद्धविरामको अवधिमा मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| ११ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्थासम्बन्धी प्रतिवेदन२०६३ | |
| १२ | जातिय भेदभाव रोकथाम सम्बन्धी सामान्य सुझाव | २०६४ |
| १३ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८ | २०६८ |
| १४ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८ | २०६८ |
| १५ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६ | २०६६ |
| १६ | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |
| १७ | मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६५ |
| १८ | आन्तरिक विस्थापन सम्बन्धी जानकारी | २०६५ |
| १९ | आन्तरिक विस्थापन र विस्थापितको अधिकार रक्षार्थ भएका प्रयासहरू एक प्रतिवेदन | २०६५ |
| २० | आन्तरिक विस्थापन, जातीय विभेद तथा आयोगको चिनारी सम्बन्धी डकुमेन्ट्री, ३ वटा | २०६६ |
| २१ | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था | २०६६ |
| २२ | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| २३ | आयोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| २४ | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |
| २५ | राष्ट्रिय मानव अधिकार आयोगः एक झलक | २०६८ |
| २६ | मानव अधिकारमूखी विकास पद्धती सम्बन्धी तालिम पुस्तिका | २०६८ |
| २७ | जातीय विभेदविरुद्धको अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| २८ | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| २९ | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| ३० | बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन | २०६२ |
| ३१ | जातीय विभेद तथा छुवाछुत विरुद्धको पोष्टर | २०६३ |
| ३२ | शिक्षा हाम्रो अधिकारसम्बन्धी पोष्टर | २०६३ |
| ३३ | मलाई पढ्न देउ, श्रमको भारी नबोकाउ, पोष्टर | २०६३ |
| ३४ | बिश्वव्यापी आवधीक समीक्षा | २०६७ |

## ६. समन्वय र सहकार्य

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एक्लो प्रयासमात्र प्रर्याप्त हुँदैन । यसका लागि आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्यरत विभिन्न मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाज एवम् सरोकारवालाहरूसँग आवश्यकता, विषयको गाम्भीर्यतालाई ध्यानमा राखी सहकार्य एवम् समन्वय गर्दै आइरहेको छ। राष्ट्रियस्तरमा आयोगले नेपाल सरकार, विभिन्न राजनैतिक दलहरू, संसद, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानव अधिकार सम्बद्ध सङ्घसंस्थाहरूसँग छलफल, अन्तर्क्रिया गर्दै आइरहेको छ। आयोगको सहकार्यलाई सङ्क्षेपमा निम्नानुसार चर्चा गरिएको छः

### ६.१. नेपाल सरकार

जातीय भेदभावविरुद्ध अधिकारका सम्बन्धमा आयोग र नेपाल सरकारतथा मातहतका निकायहरू, सुरक्षा निकायहरूबीच विभिन्न छलफल, विचार

आदानप्रदान, पत्राचार, सहकार्य हुँदै आएको छ। आयोगले गरेका नीतिगत सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकार तथा अन्य निकायबाट केही सकारात्मक पहल हुनु स्वागतयोग्य विषय हो। आगामी दिनहरूमा यस्ता सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएकोछ।

## ६.२. नागरिक समाज

मानवअधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठन आदिसँग जातीय भेदभाव विरुद्ध मानव अधिकारका सम्बन्धमा आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्धका साथ कार्य गर्दै आएको छ। नेपालका पाँच विकास क्षेत्रअन्तर्गतका प्रायः जिल्लाहरूमा आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयमार्फत आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ। नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले जातीय भेदभाव विरुद्ध मानव अधिकारसम्बन्धी विभिन्न सूचना एवम् जानकारी एवम् उजुरीहरू प्राप्त गर्ने गरेको छ। यसैगरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाई मानव अधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्। अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएका छन्।

## ६.३. सञ्चार जगत

जातीय भेदभावविरुद्ध मानव अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चारजगतको सहयोग लिँदै आएको छ। आयोगले रेडियो सगरमाथाबाट मानव अधिकार सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसैगरी रेडियो, टेलिभिजन लगायतका सञ्चार माध्यमहरूबाट पनि आयोगले मानव अधिकारका विषय वस्तुहरूको प्रचारप्रसार गर्दै आइरहेको छ।

## ६.४. अन्तर्राष्ट्रिय निकायहरू

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग सौहाद्रपूर्ण सम्बन्धका साथ सहकार्य गर्दै आएको छ। आयोगको युरोपेली युनियनसँगको सहकार्यमा आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार गरेको थियो। यसबाट

जातीय भेदभाव विरुद्ध अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको पहुँच र सहकार्यमा सहज भएको छ ।

मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ । यस्ता सबै सङ्घसंस्थाहरूलाई आयोगले सरोकारवालाका रूपमा लिएको छ। संयुक्तरूपमा कार्यक्रमको आयोजना, तालिम, सेमिनार, सहभोज, अन्तर्क्रिया, छलफलमार्फत सहकार्य गर्दै आइरहेको छ ।

आदिवासी जनताहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासचिवद्वारा नियुक्त विशेष प्रतिवेदक जेम्स अनायले नेपाल भ्रमण गरी आदिवासी जनजातिका सम्बन्धमा नेपाल सरकारद्धारा आईएलआ. महासन्धि १६९, United Nation Declaration on the Rights of Indigionious People (UNDRIP)को कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुभएको थियो । उहाँले आयोगमा भ्रमण गरी आयोगका अध्यक्ष, पदाधिकारी तथा कर्मचारीहरूबीच आयोगका कामकारबाहीबारे जानकारी लिनुका साथै विषयवस्तुमा छलफल भएको थियो ।

## ७. आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौं<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

### क्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |

| | | |
|---|---|---|
| ४. नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१५२५६२३ |

**उपक्षेत्रीय कार्यालयहरू**

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४

रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११

जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२